थुलुङ दुधकोशी गाउँपालिका
Thulung Dudhkoshi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
मुक्ली, सोलुखुम्बु
Mukli, Solukhumbu
कोशी प्रदेश, नेपाल
Koshi province,Nepal

प.स.(Ref.No.):२०८२/०८३
चलानी नं.(Dis. No.):

## सीप परीक्षणको आवेदन आह्वान सम्न्धी सूचना

सूचना प्रकाशित मितिः२०८२/१०/२२

यस थुलुङ दुधकोशी गाउँपालिका अन्तर्गतका सम्पूर्ण नागरिकहरूमा जानकारी गराइन्छ कि **नेपाल व्यवसायिक योग्यता प्रणाली (NVQS-II)** अन्तर्गत **पहिलेदेखि सिकेको सीपको मान्यता (RPL)** विधि अनुसार **निःशुल्क सीप परीक्षण कार्यक्रम** सञ्चालन हुने भएको छ। उक्त कार्यक्रम अन्तर्गत विभिन्न पेशा/व्यवसायमा संलग्न इच्छुक तथा योग्य व्यक्तिहरूका लागि आवश्यक विस्तृत जानकारी **CTEVT प्रदेश कार्यालय, इटहरी** बाट प्रकाशित सूचनाअनुसार उपलब्ध गराइएको हुँदा, सम्बन्धित सूचना अध्ययन गरी तोकिएको **समयसीमा भित्र** आवश्यक कागजात सहित **समयमै आवेदन** दिनुहुन सर्वसाधारणको लागि यो सूचना प्रकाशित गरिएको छ ।

..............................
उद्धव ढुङ्गाना
नि.प्रमुख प्रशासकीय अधिकृत

(Notice no: RPLPKO/2082/2083)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
कोशी प्रदेश कार्यालय, इटहरी, सुनसरी

Nepal Vocational Qualifications System NVQS

# सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८२/१०/१२**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय /नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना-दोस्रो चरण (NVQS P-II) तर्फको, निःशुल्क **पूर्व-सिकाइको मान्यता** (Recognition of Prior Learning-RPL) विधिद्वारा सञ्चालन हुने **एकाईगत दक्षता** (Unit-based Competency) को **भौचर प्रणालीमा आधारित सीप परीक्षणमा** सहभागी हुन चाहने **स्वदेशमा/ वैदेशिक रोजगारको अनुभव** प्राप्त नेपाली नागरिकहरूबाट आफूलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रमा आवेदन फाराम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

प्रमुख प्रशासकीय ... स्वीकृत

क) फारम सङ्कलन केन्द्र, सीप परीक्षण हुने व्यवसाय र तहः

| क्र.स. | आवेदन फारम सङ्कलन/ सीप परीक्षण केन्द्रहरू | सम्पर्क नं. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कोशी प्रदेश कार्यलय, इटहरी, सुनसरी | ९८५२०८८९९५ | गार्मेन्ट फेब्रिकेटर | २ |
| | | | सेल/मोबाइल फोन रिपेयर टेक्निसियन | २ |
| | | | ब्युटिसियन | २ |
| २. | मनमोहन मेमोरियल पोलीटेक्निक हात्तिमुडा, बुढीगंगा, मोरङ | ०२१-६२२०५८<br>०२१-५९०६९७<br>९८५२०८६५९८ | वेल्डर | २ |
| | | | बिल्डिङ पेन्टर | २ |
| | | | प्लम्बर | २ |
| | | | टायल मार्वल फिक्सर | १ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | रेफ्रिजिरेसन तथा ए.सि. मेकानिक | २ |
| | | | कम्प्यूटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |

CTEVT Koshi Province

| | | | | |
|---|---|---|---|---|
| ३. | पाथिभरा हिमालयन पोलीटेक्निक इन्स्टिच्युट, इटहरी, सुनसरी | ९८४२१४८७४५<br>९८१९३३१७१६<br>०२५-५८१४५७ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिङ पेन्टर | २ |
| | | | टायल मार्वल फिक्सर | १ |
| ४. | झापा प्राविधिक शिक्षालय, बिर्तामोड, झापा | ०२३-५३२४८८<br>०२३-५३३७८८<br>९८४२६५३०९५ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | टायल मार्वल फिक्सर | १ |
| | | | बिल्डिङ पेन्टर | २ |
| ५. | दमक टेक्निकल एजुकेशन फाउण्डेशन प्रा. लि., दमक, झापा | ९८५२६५०५१८ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | बिल्डिङ पेन्टर | २ |
| | | | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| ६. | सुम्निमा पोलीटेक्निक इन्स्टिच्युट, देउराली, भोजपुर | ०२९-४२०७१६<br>९८५२०५२२५६ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | बिल्डिङ पेन्टर | २ |
| | | | प्लम्बर | २ |
| | | | टायल मार्वल फिक्सर | १ |

**नोटः निम्न व्यवसायका आवेदन फारमहरु तपसिलका स्थानहरुमा पनि बुँझाउन सकिनेछ।**

| क्र.स. | आवेदन फाराम सङ्कलन | संम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्, कोशी प्रदेश कार्यालय, इटहरी, सुनसरी | ९८५२०८८९९५ | माथि उल्लेखित सबै व्यवसाय | २ |
| २. | सामाजिक विकास मन्त्रालय/नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई, कोशी प्रदेश, विराटनगर | ०२१-५९०७०५ | माथि उल्लेखित सबै व्यवसाय | २ |

**ख) <u>आवेदनको लागि न्यूनतम योग्यताः</u>**

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको, |

CTEVT Koshi Province

| | |
|---|---|
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको,<br>**वा**<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव भएको, |

**ग) <u>आवेदन फारम तथा रजिस्ट्रेसन शुल्कः</u> रु २७०/- (आवेदकले व्यहोर्ने)**

**घ) <u>सीप परीक्षणमा सहभागीले</u> <u>आवेदन फाराम भर्दा पालना गर्नु पर्ने शर्तहरूः</u>**

१) यस सूचना तथा आवेदन फाराम सामाजिक विकास मन्त्रालयको कोशी प्रदेशको वेवसाइट https://mosd.koshi.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) कोशी प्रदेश कार्यालयको वेवसाइट https://ctevtkoshi.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०८२/११/१२ गते भित्र बुझाउनु पर्ने छ । आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट सम्म बुझाउन सकिनेछ।

२) आवेदन फारामको साथ पासपोर्ट साईजको हासाले खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र ( अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार वा अर्ध- सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त नीजि रोजगारदाता संस्था उद्योग व्यवसायीले सम्बन्धीत पेशा व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

३) स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारीस पत्र पेश गर्न सक्नेछ ।

४) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभव पत्र (अङ्ग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

५) कुनै पनि पेशा तहमा स्वीकृत आवेदन सङ्ख्या पाँच (५) भन्दा कम भइमा सो पेशा तहको सीप परीक्षण संचालन गरिने छैन ।

६) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारामहरु स्वतः रद्द हुनेछ ।

७) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत गराइने छ । सीप परिक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्रवेश पत्र प्राप्त गर्न सकिनेछ। सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ।

८) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर ( सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन्।

CTEVT Koshi Province

९) यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदा प्राप्त गरेको रजिस्ट्रेशन नं सीप दोहोर्याएर यसरी पर्नेछ। गर्नु उल्लेख रूपमा अनिवार्य . माथि फारामको आवेदन दिनेहरूले परीक्षण "पुनः परीक्षण" भन्ने कोठामा चिन्ह लगाउनु पर्नेछ।

१०) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन्।

११) तहगत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाइहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाइको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन्।

१२) सीप परीक्षण आवेदन फाराम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फाराम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले) उक्त अवधि भित्र अनलाइन फाराम प्रविष्ट गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम रुजु भई सके पछि इन्ट्री बापत प्रति फारम रु.७०।- का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कोशी प्रदेश कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैक लि., शाखा कार्यालय, ईटहरी, सुनसरी च. हि.खाता नं.२५५०१००००१२७८००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१३) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

**थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कोशी प्रदेशको मोवाइल नम्बर ९८५२०८८९९५ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको फोन नम्बर ०२१-५९०७०५ मा सम्पर्क गर्न सकिने छ ।**

**निर्देशक**

CTEVT Koshi Province

☐ पूनः परीक्षणको लागि

सि.नं .........

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# राष्ट्रिय सीप परीक्षण समिति

## सीप परीक्षणको लागि दरखास्त फारम

**कार्यालय प्रयोजनको लागी**

पंजीकरण संख्या/(Reg.No) [ ] पंजीकरण मिति/(Reg.Date) [ ]

फोटो

सीप क्रमाङ्क/(Skill Symbol No) [ ] परीक्षण किसिम [नियमित] [प्रायोजित]

श्रीमान् सदस्य सचिवज्यू,
त्यस समितिबाट मिति.........................मा लिईने सीप परीक्षणमा सम्मिलित हून मेरो नागरिकता, परीक्षण दिने व्यवसाय सम्बन्धी तालीम/अनुभवको प्रमाणित प्रतिलिपिहरु र दुई प्रति फोटो संलग्न गरी परीक्षण दस्तुर बुझाई निम्न विवरण सहित निवेदन पेश गरेको छु । नियमानुसार परीक्षणमा सहभागी हुन पाउं ।

**व्यवसाय** ....................................................................... **तहः** ......... **परीक्षण केन्द्रः**.......................................................

१. निवेदकको पूरा नाम थर :

२. अंग्रेजी ठूलो अक्षरमा नाम थर :

जन्म मितिः (विक्रम सम्वतमा) २०................. साल .......... महिना ........... गते (इस्वी सन्मा) २०............साल ......... महिना ..........गते

**लिङ्गः** पुरुष/महिला/अन्य **जातिगत समुहः** दलित ☐ जनजाती ☐ अन्य ☐ **नागरिकताः** प्रमाणपत्र नं.: जारी जिल्लाः............................ मितिः..................

३ .बाबुको पूरा नाम, थरः **देवनागरीमा**

बाबुको पूरा नाम, थरः **अंग्रेजी ठूलो अक्षरमा**

४. **निवेदकको स्थायी ठेगानाः**
नेपालीमाः गा.पा./न.पा./महा.न.पा.......................................वडा.........ब्लक नं...............जिल्ला...............................अंचल.............................

अंग्रेजीमाः RM/N/M.........................................Ward No............ Block No............ .........District...............................Zone...................................

५. **पत्राचार गर्ने ठेगानाः** गा.पा/न.पा./महा.न.पा..............................वडा........ब्लक नं.........जिल्ला.........................अंचल..................फोन ................

६. **व्यवसाय सम्बन्धी विवरणः**

| सम्वन्धित व्यवसायमा तालिम लिएको अवधि | सम्बन्धित व्यवसायमा काम गरेको अवधि | बैदेशिक रोजगारबाट फर्केको भए |
|---|---|---|
| संस्थाको नामः<br>वर्ष ......... महिनाः...........(.......... घण्टा) | संस्थाको नामः<br>वर्ष ............... महिनाः ................ | देश र संस्थाको नामः<br>पासपोर्ट नं.:<br>काम गरेको वर्ष ............... महिनाः ............... |

७. सीप परीक्षणमा सामेल हुंदा रोजगारको अवस्थाः छ ( ), छैन ( ) भएमा क) स्वरोजगार ख) स्वदेशी रोजगार ग) बैदेशिक रोजगार

८. यस अघि सीप परीक्षण दिएको छ ( ), छैन ( ), दिएको भए व्यवसाय........................................................................................... तह...............
परीक्षण मिति....................... केन्द्र............................................................................... उर्त्तिण भएको भए : सैद्धान्तिक ( ) प्रयोगात्मक ( )
पंजीकरण संख्या.........................................सीप क्रमाङ्क.............................................

९. यदि बैदेशिक रोजगारीमा जाने इच्छा भएमा जाने मुलुकको नाम : ..................................................

१०. उल्लेखित विवरण वेबपेजमा राख्न मेरो पूर्ण मन्जूरी रहने छ ।

११. उल्लेखित सबै विवरण ठीक साँचो हो, झुठा भएमा नियम बमोजिम सहुँला बुझाउँला ।

.......................... ..........................
मिति निवेदक

| | | |
|---|---|---|
| सीप परीक्षण दस्तुर रु.: ..............<br>रसिद नंः................<br>मितिः................. | ● उल्लेखित लेखिएको विवरण रुजु गरी हेर्दा निवेदक परीक्षण दिन योग्य/अयोग्य देखिएकोले निजको दरखास्त फाराम स्वीकृत/अस्वीकृत लागि सिफारिश गर्दछु ।<br>● फाराम अस्वीकृत भए कारणः.......................................................... | ..........................<br>सदस्य सचिव<br>रा.सी.प. समिति |
| ..........................<br>लेखा शाखा | ..........................<br>सीप परीक्षण अधिकृत | |